नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, कार्तिक १७ गते २०२१ साल [संख्या २९

श्री ५ को सरकार
स्वास्थ्य मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको तल लेखिएबमोजिमको वीर अस्पताल विकास समिति गठन (तेस्रो संशोधन) आदेश २०२१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

वीर अस्पताल विकास समिति गठन आदेश २०१५ (यसपछि मूल आदेश भनिए-को) मा संशोधन गर्न आवश्यक देखिएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो आदेशको नाम "वीर अस्पताल विकास समिति गठन (तेस्रो संशोधन) आदेश, २०२१" रहेको छ ।

(२) यो आदेश २०२१ श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. मूल आदेशमा दफा थपः- मूल आदेशको दफा ७ पछि निम्नलिखित दफा ८ थपिएको छ ।

८. समितिले अरू अस्पतालको सञ्चालन र व्यवस्था गर्नसक्नेः-श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी समितिलाई अरू अस्पतालहरूको सञ्चालन, शासन, विकास इत्यादि गर्ने कार्य सुम्पनसक्नेछ। यसरी सुम्पेमा ती अस्पतालहरू पनि यस आदेशमा परे सरह मानिनेछन् ।

आज्ञाले-
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सह-सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोछ मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।